**कविता- क्यानभासको रचना**

- विद्या सापकोटा

टक्कराउछ मेरो आँखा
सम्मुखको भित्तोसँग
भित्तोको रितोपनसँग
मलाई रिक्तता मन पर्दैन ॥

रिक्तता साट्ने बाहानामा,
चाङ्गचाङ्ग मनहरु
चाङ्गचाङ्ग रहर
बुन्छन्/बटुल्छन्
......................
तैरिन्छन्
पानीका फोकाहरु
लहराउछन्
भुवाका रेशाहरु ......
हतास म,
समाउछु कूची
लिप्न थाल्छु रङ्ग
लतपत लतपत ॥

म
निर्माण बोलिरहन्छु,
निर्माण कोरिरहन्छु
कोर्दै जान्छु/लिप्दै जान्छु
लिप्दै जान्छु/कोर्दै जान्छु
उफ्........
बन्दैनन्
कुनै ठोस आकृति
देवालय,स्तुपा,मस्जिद वा चर्चका
पहिलिन्नन् कुनै बाटाहरु
ताजमहल,रानीमहल, पिरामिड वा ट्विनटावरका.....॥

सम्भन्छु सुनेको कुरा,
एक रातमै ब्याथा कोरल्न सकिन्न रे
सानो खाटो, घाउको आँखा छोप्न सक्दैन रे
.....................................................॥

त्यसैले ,
जारी राख्छु

कोर्ने क्रम, कोरिने क्रम

बनाउने क्रम,बिगार्ने क्रम

..............................

थप्दै जान्छु, रङ्गमाथि रङ्ग

ओइराउदै जान्छु, रिक्ततामाथि रिक्तताको पहिरो

पोखाउदै जान्छु, मुटुको पानी छ्याल्लब्याल्ल

................................................

बग्दै जादाँ, बगाउदै जादाँ

कोर्दै जादाँ, बिगार्दै जादाँ

जोसुकै बन्दै जादाँ,जेसुकै बनाउदै जादाँ

टिङ्गटिङ्ग....टङ्गङ्गङ्गङ्ग....

गुन्जियो आवाज आकासिदै ॥

सायद !

स्पर्शाभावमा

छटपटाइरहेको घण्ट हुदाँ हो

(आफैंभित्र).....................

जर्‍याकजुरुक, बिउझियो परिवेश

उभियो ठिङ्ग, मानिसभित्र नगुमेको मानिस

कोरिदै गयो सानो गोरेटो

टुकुर टुकुर बीचमा बस्ति

ठमठम.. मेरो देश

ठमठम.. हिड्न लाग्यो मेरो देश ॥

**(शंकरदेव कलेज, काठमाण्डौं, नेपाल)**